# मनहरी गाउँपालिकाको कार्यालय,
# रजैया, मकवानपुरको

# सामाजिक परीक्षण
# प्रतिवेदन

(आ.व. २०८०/०८१ को)




प्रतिवेदन पेश गर्ने:


**हयाप्पी स्ट्रिंग एडभाईजर्स प्रा लि**

**वेनी न.पा. वडा नं. ८, वेनी, म्याग्दी ।**

**सम्पर्क नम्बर: ९८६०५७३७४०**

**Email:** *bharatprasadkc@gmail.com, advisorshappystring@gmail.com*

# भूमिका तथा आभार

स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोके बमोजिम यो सामाजिक परीक्षण २०८१ भाद्र र कार्तिक महिनामा सम्पन्न गरिएको हो । परीक्षणको कार्यसम्पन्न गर्न ऐन र कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरिएको छ । यो परीक्षण प्रक्रियामा मनहरी  गाउँपालिकाको वार्षिक गतिविधिहरुलाई मुख्य आधार बनाइएको छ । उल्लेखित कार्यालयको प्रगति समिक्षा र अन्तरक्रियात्मक छलफल पश्चात प्रारम्भिक तयार गरि सम्वन्धित जिम्मेवार पदाधिकारीहरु र कर्मचारीहरु संग छलफल पश्चात सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । प्रतिवेदनमा उल्लेख भएका तथ्याङ्कहरुको मुख्य स्रोत सम्बन्धित गाउँपालिकाको कार्यालय हो । जसको विवरण प्रतिवेदनमा राखिएको छ ।

गाउँ पालिकाको कार्यालय, मनहरीको सामाजिक परीक्षण गर्नका लागि जिम्मेवारी प्रदान गर्नु हुने अध्यक्ष रञ्जन कालाखेती, उपाअध्यक्ष सीता पुलामी मगर, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, अधिकृत्त आठौ वरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई, अधिकृत सातौ प्रशासन अन्जना सुवेदी तथा गाउँ पालिकामा कार्यरत विभिन्न शाखा उपशाखाका प्रमुखज्यूहरु एवं सम्पूर्ण कर्मचारीहरु प्रति पनि विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनु हुने महानुभावहरु, वडका अध्यक्ष, स्थलगत अध्ययनको क्रममा उपस्थित महानुभावहरुवाट प्राप्त सूचना तथा राय सुझाव दिनुहुने गाउँपालिकासदस्यहरु, पत्राकार महानुभावहरु तथा प्रतिनिधिहरु तथा अन्य उपस्थित व्यक्तित्वहरु सबैमा हार्दिक आभार व्यक्त गर्दछु । गाउँपालिकाले आगामी दिनमा समेत यस्ता कार्यहरु सम्पादन गर्ने अवसर प्रदान गर्नेछ भन्ने शुभेच्छा व्यक्त गर्दै प्रतिवेदनमा सकारात्मक र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु ।

हयाप्पी स्टि्रग एडभाईजर्स प्रा.लि.

वेनी न.पा. वडा न  ८, वेनी, म्याग्दी ।

## १. पृष्ठभूमिः

स्थानीय सरकार संचालन ऐन, २०७४ ले हरेक वर्ष स्थानीय निकायहरुले अघिल्लो वर्ष सम्पादित कार्यक्रम, क्रियाकलापहरु, गतिविधिहरुको सामाजिक परिक्षण गर्नु पर्ने व्यवस्था गरेको छ। सार्वजनिक निकायले उत्तरदायित्व वहन गर्ने एवं अनुमोदित हुन विभिन्न विधिहरुको प्रयोग गरेका हुन्छन् ति मध्ये एउटा विधि सामाजिक परीक्षण पनि हो। जस अनुसार सामाजिक परीक्षण भनेको स्थानीय निकायहरुको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँ पालिकाको आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्य हो। स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे गाउँपालिकाको सम्बन्धमा लेखाजोखा गर्ने कार्यले स्थानीय निकायलाई सामाजिक दायित्व पूरा गर्न सहयोग गर्दछ। स्थानीय सरकार संचालन ऐन अनुसार एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भए पछि चालु आ.व. भित्र सामाजिक परीक्षण गराउनु पर्ने प्रावधान रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ मा गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जनउत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परीक्षण , सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था भए वमोजिम र नेपाल सरकार संघीय मामिला तथा सामान्य मन्त्रालयद्धारा प्रमुख प्रशासकीय अधिकृतहरु लाई १८ बुदे निर्देशन कार्यन्वयन गर्ने सम्बन्धमा भएको परिपत्र समेतको आधारमा यो सामाजिक परीक्षण गरिएको छ।

स्थानीय सरकार संचालन ऐन तथा यस कार्य सम्पादनका लागि आकर्षित हुने ऐन, नियम तथा कार्यविधि अनुसार मनहरी गाउँपालिकाले सामाजिक उत्तरदायित्व वहन गर्ने शिलशिलामा गत वर्ष सम्पन्न भए गरेका कार्यहरुको सामाजिक परिक्षण गर्न मनहरी गाउँपालिकाको कार्यालय, रजैयाको आ.व. २०८०।०८१ को सामाजिक परीक्षण तयार पार्नको लागि भएको सम्झौता वमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रकृया पूरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरिएको छ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय सरकार संचालन ऐन, २०७४ ले हरेक वर्ष स्थानीय निकायहरुले अघिल्लो वर्ष सम्पादित कार्यक्रम, क्रियाकलापहरु, गतिविधिहरुको सामाजिक परिक्षण गर्नु पर्ने व्यवस्था गरेको छ ।

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गरी प्राप्त अवस्था दर्शाउनुका साथै सुझाव एवं प्रतिक्रिया उपलब्ध गराउनु पनि यस कार्यकमको अर्को उद्धेश्य रहेको छ । यसमा गाउँ पालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम तथा आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने नीतिगत व्यवस्था र संस्थागत क्षमताको लेखाजोखा गरिएको छ ।

## ३. सामाजिक परीक्षण अध्ययन विधिः

स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधिमा तोकिए बमोजिम नै सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट गरिएको थियो । आवश्यकता अनुसार गाउँ पालिकाका शाखा प्रमुखहरु, केही, उपभोक्ताहरु, केही सेवा ग्राहीहरु समेत संग छुट्टा छुट्टै तथा सामुहिक रुपमा अन्तरवार्ता तथा छलफल गरिएको छ । प्रतिवेदनको विश्लेषण, अन्तरवार्ता र छलफलवाट प्राप्त निष्कर्षलाई प्रारम्भिक प्रतिवेदनको रुपमा तयार गरी गाउँपालिकाका पदाधिकारीहरु, गाउँपालिकाका शाखा प्रमुख तथा विभिन्न सरोकारवालाहरु विच प्रस्तुत गरी उनीहरुवाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## ३. सामाजिक परीक्षण अध्ययन विधिः

स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधिमा तोकीए बमोजिम नै सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट गरिएको थियो । आवश्यकता अनुसार गाउँपालिकाद्धारा तयार गरिएका दिर्घकालीन, मध्यमकालीन र अल्पकालीन योजनाहरु, गाउँपालिकाको शाखा प्रमुखहरु त्था सहायक कर्मचारीहरु, केही उपभोक्ताहरु, केही सेवा ग्राहीहरु समेत संग छुट्टा छुट्टै तथा सामुहिक रुपमा अन्तरवार्ता तथा छलफल गरिएको छ । प्रतिवेदनको विश्लेषण,

अन्तरवार्ता र छलफलवाट प्राप्त निष्कर्षलाई प्रारम्भिक प्रतिवेदनको रुपमा तयार गरी विभिन्न सरोकारवालाहरु विच प्रस्तुत गरी उनीहरुवाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई समेत अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ ।

**क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन**

- गाउँपालिकाको  दिर्घकालीन, मध्यमकालीन, अल्पकालीन योजनाहरु
- गाउँ पालिका संचालन र व्यवस्थापन सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- गाउँपालिकाले लिएको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- गाउँपालिकाको वस्तुगत विवरण
- वार्षिक योजना
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक वडापत्र
- वार्षिक प्रगति समिक्षा, कार्यपत्र तथा प्रतिवेदनहरू

**ख) अन्तरवार्ता र समूह छलफल**

गाउँपालिकाको शाखा प्रमुख, सहायक कर्मचारी तथा सेवाग्राही र केही उपभोक्ताहरु संग अर्ध संरचित अन्तरवार्ता गरिएको थियो। अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूहरु संग छलफल गर्नुका साथै प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

**४. अध्ययनका सिमाः**

यस सामाजिक परिक्षणको अनुसन्धान मुलक अध्ययनका क्रममा समय, बजेट तथा श्रोतको सीमितताका कारण पालिकाका सम्पूर्ण कार्यालयहरु लगायत गैह्रसरकारी संस्थाहरूलाई अध्ययनको क्षेत्र भित्र समेट्न सकिएको छैन । त्यस्तै गरि मनहरी  गाउँपालिकाले संचालन गरेका सबै योजनाहरुहरुको अवलोकन भ्रमण गरिएको नभई केही योजनाहरुको अवलोकन र उपभोक्ताहरु संगको छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

## ५. स्थानीय निकायको छोटकरी परिचय

मनहरी गाउँपालिका नेपालको वाग्मति प्रदेश अर्न्तगत मकवानपुर जिल्लामा पर्दछ । यो गाउँ पालिका भौगोलिक हिसावले ८४ डिग्री ४२ मिनेट ३५ सेकेण्ड देखी ८५ डिग्री ५७ मिनेट ३ सेकेण्ड पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ३४ सेकेण्ड देखी २७ डिग्री ३६ मिनेट ३७ सेकेण्ड उत्तरी अक्षांसमा अवस्थित रहेको छ । त्यसै गरी १९९.५२ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा हटौडा उ.म.न.पा. र राक्सिराङ्ग गाउँपालिका पर्दछ भने, पश्चिममा चितवन राष्ट्रिय निकुन्ज, उत्तरमा राक्सिराङ्ग गाउँपालिका र दक्षिणमा पर्सा जिल्ला पर्दछ भने गाउँपालिका समुन्द्रि सतहवाट ३९० मिटर देखि ७६० मिटरको उचाईमा रहेको छ । साविकका मनहरी र हाँडीखोला गा.वि.स.हरुलाई समेटी २०७३ फाल्गुण २७ गते नेपाल सरकारले मनहरी गाउँपालिकाको गठन गरेको हो । जस्मा ९ वटा वडाहरु रहेका छन् ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा कुल ४७,३५३ जनसंख्या रहेका छन् । जस्मा पुरुषको जनसंख्या ४९.४ प्रतिशत र महिलाको ५०.६ प्रतिशत रहेको अवस्था छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको वसोवास रहेको छ । जातजातीको आधारमा जनसंख्याको विवरणलाई हेर्दा सवैभन्दा धेरै ४६.६ प्रतिशत तामाङ्ग, द्रोश्रोमा १३.१ प्रतिशत क्षेत्री, तेस्रोमा १०.४ प्रतिशत चेपाङ्गरप्रजा, चौथोमा १० प्रतिशत वाह्मण वासीको वसोवास रहेको छ । गाउँपालिकाको औसत पारिवारिक आम्दानीमा कृषि पेशमा सवैभन्दा ठुलो हिस्सामा रहेको छ र अन्यमा व्यापार, व्यवसाय, लघु उद्योग, नोकरी तथा वैदेशिक रोजगारी हुन । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम वढिरहेको छ । दशै, तिहार, माघि, महाशिवरात्री, कृष्णजन्माष्टमी, सोनाम ल्होसार, वकर ईद, रमाजान, छठपर्व, होली, वुद्ध जयन्ती, क्रिस्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## भौगोलिक अवस्थिति

- अवस्थितिः

अक्षांश :- २७ डिग्री २३ मिनेट ३४ सेकेण्ड देखी २७ डिग्री ३६ मिनेट ३७ सेकेण्ड उत्तरी अक्षांस

देशान्तरः- ८४ डिग्री ४२ मिनेट ३५ सेकेण्ड देखी ८५ डिग्री ५७ मिनेट ३ सेकेण्ड पूर्वी देशान्तर

उचाई : समुन्द्रि सतहवाट ३९० मिटर देखि ७६० मिटरको उचाइ

- क्षेत्रफल : १९९.५२ वर्ग कि.मी.

- हावापानीः ट्रपिकल
- जनसंख्याः ४७,३५३ महिलाको ५०.६ प्रतिशत
- LISA परिक्षणमा गाउँपालिकाको कार्य सम्पादन स्तर ७७.५ प्राप्त भएको । कार्य सम्पादनमा जिल्ला द्रोश्रो रहेको । भौतिक पूर्वाधार र सहकार्य, समन्वयमा अन्य सूचक भन्दा कम अंक प्राप्त गरेको ।
- FRA परिक्षणमा गाउँ पालिकाले ७३.५ अंक प्राप्त गरेको र जिल्ला प्रथम रहेको । राजस्व व्यवस्थापन र अनुगमन, मूल्यांकन तथा लेखा परिक्षणमा अन्य सूचक भन्दा कम अंक प्राप्त गरेको ।
- हाल मनहरी गाउँपालिकामा शाखा १० वटा, १८ वटा उपशाखा, ईकाई वा सेवा केन्द्र ६ वटा, १ अस्पताल, १ स्वास्थ्य चौकी, १ आयूवेद औषधालय, आधारभुत स्वास्थ्य केन्द्र ८ वटा, ६ गाउँघर क्लिनिक, २१ खोप केन्द्र, ९ वटा वडा कार्यालय रहेका छन् ।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना, क्षमता विकास योजना, भू उपयोग योजना तयार भई लागु भएको ।
- गाउँ पालिका स्तरको यातायात गुरुयोजना तयार नभएको ।
- O & M अध्ययन प्रतिवेदनवाट प्राप्त सुझाव अनुसार मनहरी गाउँपालिकाको संगठनात्मक संरचना र दरवन्दि तेरिज स्विकृत गरी कार्यान्वयन गरिएको ।
- गाउँपालिकाले नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने गरेको ।
- खुला दिसामुक्त गाउँ घोषणा भै सकेको र पूर्ण सरसफाई कार्यक्रम तर्फ लम्किने जमर्को गरेको
- पालिका अर्न्तगत विषयगत समितिहरु गठन गरी संचालन ल्याएको तिनीहरु सक्रिय रहेका ।
- पालिका अर्न्तगत विशेष कोषं खडा गरी संचालनमा ल्याएको ।
- नेपाल मै गाउँपालिका स्तरमा वाल मैत्री स्थानीय शासन यूक्त गाउँपालिका घोषणा हुने पहिलो गाउँपालिका मनहरी रहेको ।
- स्थानीय सडक स्थापना र संचालनका लागि भवन तथा सडक मापडण्ड कार्यविधि तयार भई लागु भएको ।

- प्रतापपुरको १० मीटर वाटो हुदै नयाँवस्ति खयरघारी सडक परियोजना, वडा नं. ४ स्थित ट्वाङरा पार्क स्थित कालीका पार्क निर्माण, मनहरी वडा नं. ७ निर्मल वस्ती वृहत खा.पा.यो. मनहरी ९ रजैया वस्ती वसाउ वाईपास रोड, वडानं. ८ र ९ मा रहेको सिमसार क्षेत्र निर्माण योजनाको DPR तयार भएको ।
- फोहर व्यवस्थापनमा हाल गाउँ पालिकाले नै उठाउने र व्यवस्थापन गरेको र यस आ.व.वाट Zero Wastage को निति अवलम्वन गर्न लागेको ।
- गाउँ पालिकाले पर्यटन गुरुयोजना, पाश्र्व चित्र निर्माण, उद्यम विकास रणनितिक योजना, वाल विवाहका लागि स्थानीय रणनिति तयार गर्नु पर्ने देखिएको ।

**६ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू दुर दृष्टिः**

**" शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध मनहरीको आधार"**

**उद्धेश्यहरुः**

- मनहरी  गाउँपालिकाको  सवै विकासका सम्भावनाहरुलाई खोजी गर्ने तथा आन्तरिक आयलाई उल्लेख रुपमा अभिवृद्धि गरी आगामी २० वर्षमा मनहरी गाउँपालिकालाई एउटा विकसित सुन्दर गाउँ सहर वनाउने ।
- गाउँपालिका क्षेत्र भित्रका सम्भावनाहरुको खोजी श्रोत र साधनको अधिकतम परिचालन र सहभागितामूलक विकासको आधार स्तभ्भ खडा गरी आगामी २० वर्षमा कबचत अष्तथ वनाउने ।

**७. प्राथामिकताहरुः**

- समृद्ध मनहरी  गाउँ पालिकाः सुखी नगरवासी अभियान चलाउने ।
- गाउँ पालिकाको विकास र समृद्धिमा सार्वजनिक नीजि र सहकारी क्षेत्रको साझेदारी
- कृषि क्षेत्रको व्यवसायिकरण, विविधिकरण र यान्त्रिकरण ।
- पर्यटन पूर्वाधार एवं प्रचार प्रसार ।

- उद्यमशिलता विकास तथा स्वरोजगारी ङ्ख वातावरण संरक्षण र फोहर व्यवस्थापन
- अनुसन्धान र विकास ।
- मनहरी  गाउँ नगरी, स्वास्थ्य संस्थामा डेलिभरी
- गौरवपूर्ण मनहरी, यूवा सहभागिता जरुरी ।
- शहीद परिवार तथा द्धन्द पीडित परिवारको सम्वर्द्धन कार्यक्रम
- एक वडा एक पर्यटन परियोजना
- एक घर एक धारा
- घर घरमा स्वास्थ्य कर्मी
- एक घर एक करेसावारीः पकेट क्षेत्रमा व्यवसायिक तरकारी उत्पादन
- एक वडा एक प्राविधिक
- फलफुल, तरकारी लगाऊः छोरी पढाउ अभियान संचालन गर्ने
- वाखा पकेट क्षेत्र विस्तार
- अदुवा, वेसार तथा मौरीपालनमा जोड
- ग्रामीण सडक स्तरोउन्नती
- करदाता शिक्षा र वहाल करलाई व्यवस्थित गर्दै करको दायरामा ल्याउने ।
- एक वडा एक उत्पादन कार्यक्रममा जोड
- Zero wastage को निति सहित वैज्ञानिक ल्यान्ड फिल्ड साईट निर्माण र व्यवस्थापन
- खानेपानी, फोहोरमैला व्यवस्थापन तथा सरसफाई
- संस्थागत क्षमता बिकास र आन्तरिक स्रोतको परिचालन र ब्यवस्थापन
- योजनाको कार्यान्वयन, अनुगमन तथा सुपरिबेक्षणमा सक्रियता
- सामाजिक तथा समावेशी विकास

**८. गत वर्षका मुख्य मुख्य उपलब्धिहरु:**
**८.१ वार्षिक आर्थिक प्रगति:**

**गत आ.व.को विषयगत बजेट र खर्चको विवरण**

## १. आर्थिक विकास

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | कृषि | २,३७,१२,५८८.०० | ५,३०,०३,९१९.९८ | ६५.६९ |
| २ | उद्योग | १७,००,०००.०० | १५,९४,३२५.०० | ९३.७८ |
| ३ | पर्यटन | ३०,००,०००.०० | २६,३१,५६५.०० | ८७.७२ |
| ४ | सहकारी | ७,००,०००.०० | १३,९२,६८६.०० | ५६.१ |
| ५ | वित्तिय क्षेत्र | ६१,६३,०००.०० | ४४,२२,६६५.९४ | ७१.७६ |
| ६ | जलश्रोत तथा सिंचाई | १,४२,३०,१४१.०० | १,३५,९०,००२.०० | ९५.५ |
| ७ | वन | २३,१७,०००.०० | १५,०७,०८५.०० | ६५.०४ |
| ६ | भूमी व्यवस्था | २४,३०,०००.०० | २,१८,०५०.०० | ८.९७ |
| ७ | पशुपन्छी विकास | १,६३,६०,८९१.०० | १,३०,७१,८२९.०० | ७९.९ |
| **जम्मा आर्थिक विकास** | | ७,०६,१३,६२०.०० | ५,३०,०३,९१९.९८ | ७५.०६ |

## २. सामाजिक विकास

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | शिक्षा | २१,४९,२३,००९.०० | १९,२६,६१,५४८.१२ | ८९.६४ |
| २ | स्वास्थ्य | ६,७९,०५,९००.०० | ५,६३,४७,३६८.६५ | ८२.९८ |
| ३ | खानेपानी तथा सरसफाई | ३,९८,३३,८६५.०० | ३,०८,६३,५३६.०० | ७७.४८ |
| ४ | भाषा तथा संस्कृति | ४,००,०००.०० | ३,९५,०००.०० | ९८.७५ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २,०५,६७,३१९.०० | १,६९,३४,८१०.०० | ८२.३४ |
| ६ | युवा तथा खेलकुद | ५१,१८,०००.०० | ४४,७८,४३३.०० | ८७.५ |

| | | | | |
|---|---|---|---|---|
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,१०,३४,८२६.०० | १,०४,७४,४५७.९० | ९४.९२ |
| **जम्मा सामाजिक विकास** | | ३५,९७,८२,९१९.०० | ३१,२१,५५,१५३.६७ | ८६.७६ |

## ३. पूर्वाधार विकास

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | यातयात पूर्वाधार | २०,२४,५३,७९१.०० | १८,९०,९६,७८४.०० | ९३.४ |
| २ | भवन, आवास तथा सहरी विकास | ११,५३,६८,७५६.०० | ९,५२,४९,१८३.४८ | ८२.५६ |
| ३ | उर्जा | १४,३०,०००.०० | १३,९२,१२५.०० | ९७.३५ |
| ४ | संचार तथा सूचना प्रबिधि | ३८,१५,५३०.०० | ३८,१५,०५०.०० | ९९.९९ |
| ५ | सम्पदा पूर्वाधार | ५२,९६,०००.०० | ५०,६४,५२०.०० | ८३.७१ |
| **जम्मा पूर्वाधार विकास** | | ३२,८३,६४,०७७.०० | २९,४६,१७,६६२.४८ | ८९.७२ |

## ४ सुशासन तथा .अन्तर्सम्बन्धित क्षेत्र

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन | ६९,००,०००.०० | ६८,३६,२९९.०० | ९९.०८ |
| २ | मानब संशाधन विकास | २१,२०,०००.०० | १८,२७,९३१.०० | ८६.२२ |
| ३ | कानुन तथा न्याय | २९,७५,८९०.०० | २३,६७,६५०.०० | ७९.५६ |
| ४ | तथ्यांक प्रणाली | ९,००,०००.०० | ८,३२,७०८.०० | ९२.५२ |
| ५ | गरिवी निवारण | ११,०६,०००.०० | ९५,००९.०० | ४.९८ |
| ६ | योजना तर्जुमा र कार्यन्वयन | २७,००,०००.०० | २६,९१,९२४.०० | ९९.७ |
| **जम्मा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | | १,७५,०१,८९०.०० | १,४६,५१,५२१.०० | ८३.७१ |

## ५ .कार्यालय सञ्चालन तथा प्रशासनिक

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,९६५९,३६९.०० | ११,७८,१४,२६८.५१ | ९०.८६ |
| **जम्मा कार्यालय सञ्चालन तथा प्रशासनिक** | | १२,९६५९,३६९.०० | ११,७८,१४,२६८.५१ | ९०.८६ |
| **कुल जम्मा** | | **९०,५९,२१,८६५.००** | **७९,२२,४२,५२५.६४** | **८७.४५** |

- ✓ बजेट तथा खर्च सम्बन्धि सम्पूर्ण कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-national Treasury Regulatory Application - SuTRA) मार्फत गरिएको ।
- ✓ कार्यालय र मातहतका शाखा उपशाखाहरुको हिसाब भिडान तथा आय व्ययको हिसाब छिटो, छरितो र सहज तरिकाले गर्न सकिएको ।
- ✓ आर्थिक प्रशासन शाखाबाट हुने कार्यहरुलाई चुस्त, दुरुस्त, पारदर्शी र नागरिकमैत्री बनाउन पहल गरिएको ।
- ✓ विपद व्यवस्थापनसँग सम्बन्धित खर्चहरुको व्यवस्थापन प्रकोप व्यवस्थापन कोषबाट हुँदै आएको ।

## ९. गत आ.व.को सामाजिक तथा आर्थिक क्षेत्रमा भएका मुख्य मुख्य उपलव्धीहरुः

आर्थिक वर्ष २०७९/८० मा गाउँपालिकाको निम्न अनुसारका उपलब्धिहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ९.१ स्वास्थ्यः

- गाउँ पालिका क्षेत्र भित्र अस्पताल १, १ स्वास्थ्य चौकी, १ आयूर्वेद, ८ वटा आधारभुत स्वास्थ्य ईकाई, ६ गाउँघर क्लिनिक, २१ वटा खोप केन्द्र मार्फत स्वास्थ्य सेवा उपलव्ध गराईएको ।
- १०० प्रतिशत घरधुरीमा १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच रहेको छ ।
- गाउँपालिका क्षेत्र भित्रका ५ वर्ष मुनीका वालवालिकाहरु मध्ये ९० प्रतिशत बालबालिकाहरुले भिटामिन ए र अल्वेण्डाजोल प्राप्त गरेका छन् ।
- गाउँपालिका पूर्ण खोप यूक्त गाउँ पालिका घोषणा भएको साथै १०० प्रतिशत वालवालिकाहरुले पोलियो खोप लिएका छन् ।
- जेष्ठ नागरीक तथा पूर्ण अपांगता भएकाहरुको लागि स्वास्थ्य उपचार र चेक जांचमा सहज होस भनी घर घर स्वास्थ्य कर्मी सेवा पुगेको ।

- गर्भवती महिलाहरुको लागी ग्रामिण भिडियो एक्सरे सेवा वडा स्तरमा सञ्चालन गरिएको। हालसम्म ७३९ जनालाई सेवा दिइएको ।
- पुर्ण संस्थागत सुत्केरीको लागी नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको । ८९ जनाले सेवा लिएका छन ।
- २०८०।८१ मा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा २१६ जना महिलाले प्रसुति सेवा लिएका छन् ।
- गरिब तथा अति बिपन्न परिवारको लागी एम्बुलेन्स सेवामा ५०% छुटको ब्यबस्था अनुसार ३० जनाले सेवा लिएका छन ।
- गाउँपालिका भित्रका सुत्केरी महिलाहरुको सुत्केरी पश्चात गरिने उत्तर प्रसुति जाँच सेवा ४२९ जनाको ४ पटक जाँच गरिएको ।
- पोषण सम्बन्धी २ दिने बार्षिक समिक्षा गोष्ठी सम्पन्न गरिएको ।
- राष्ट्रिय भिटामान ए कार्यक्रम सञ्चालन गरिएको जसमा ३३०३ जनालाई भिटामिन ए र जुकाको औषधि खुवाइएको ।
- कडा रोग लागेकाहरुको उपचारका लागी मासिक रु. ५००० का दरले ४९ जनालाई रकम उपलब्ध गराइएको ।
- ३६ औं बिश्व एड्स दिवस मनाइएको ।
- पुर्ण खोप सुनिश्चित वडा तथा गाउँपालिकाको दिगोपना कायम गरि ९३१ जना बालबालिकाहरुलाई पुर्ण खोप लगाइएको।
- गर्भवती तथा सुत्केरीको लागी क्याल्सियम, अण्डा तथा पोषण पाकेट नियमित गरिएको
- ज्येष्ठ नागरिक एबम् पुर्ण अपाङ्गता घरदैलो स्वास्थ्य सेवा बाट २८९७ जनाको स्वास्थ्य परिक्षण गरिएको ।
- १८०४ जना बिपन्न परिवारको गरिब संग बिश्वेश्वर स्वास्थ्य बिमाबाट निशुल्क बिमा गरिएको।
- मनहरी वडा नं. ७ मा Food Poison भई एक्कासि बिरामी परेका करिब २५ जनाको तत्काल उपचार ब्यबस्थापन मिलाइएको ।

- हाँडिखोला स्वास्थ्य चौकीमा मेडिकल अफिसर डाक्टरबाट सेवा दिन सुरु गरिएको ।
- मनहरी ६ हाङ्लाङ्गमा एक्कासि फैलिएको भाइरल ज्वरोको नियन्त्रण र उपचारको लागी स्वास्थ्य शिबिर सञ्चालन गरि ५६ जनाको तत्काल उपचार गरि नियन्त्रण गरिएको ।
- महिलाहरुको लागी प्रजनन स्वास्थ्य शिविर ३ वटा वडामा सञ्चालन भएको । जसमा ४१३ जनाले सेवा प्राप्त गरेका थिए । ४ जना महिलाहरुको तत्काल शल्यक्रिया गर्नुपर्ने पाइएको ।
- वडा नं २ र ८ मा निशुल्क आँखा शिबिर सञ्चालन भएको जसमा ४६४ जनाको आँखा जाँच गरि २४ जनाको निशुल्क मोतिबिन्दुको शल्यक्रिया गरिएको ।
- मनहरी ६ मा क्षयरोगको घरदैलो स्कृनिङ शिबिर सञ्चालन भएको जसमा ४ जना नयाँ क्षयरोगी पत्ता लगाई उपचारमा ल्याइएको ।
- मनहरी अस्पतालमा स्तनपान कक्ष निर्माण गरिएको ।
- मनहरी अस्पतालमा सेवा बिस्तार गरि ८ बजे देखि सञ्चालन गरिएको साथै अन्तरङ्ग सेवा सञ्चालनको लागि ब्यबस्थापन मिलाइएको ।
- रगतको आबश्यकता पर्ने मनहरीबासिलाई निःशुल्क रगत उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटी मकवानपुर संगको सम्झौता बमोजिम १४५ पोका रगत निःशुल्क उपलब्ध गराइएको ।
- ३ वडामा वथिङ्ग सेन्टरको सुविधा रहेको ।
- गाउँपालिका, रेडक्रस र सामुदायिक आंखा अस्पताल संगको समन्वयमा सामुदायिक आंखा सेवा केन्द्र संचालनमा रहेको ।
- गर्भवति महिलाहरुको लागि सम्पूर्ण ल्याव सेवा निशुल्क रहेको ।
- चेपाङ तथा लोपोन्मुख जातीहरुका वालवालिकाहरुले पूर्ण खोप प्राप्त गरे पछि जनही रु ५,००० उपलव्ध गराउने गरेको ।

**९.२ . शिक्षाः**

- प्राथमिक तहमा नयां नियूक्ति गरिएका शिक्षक वाहेक कार्यरत सवै शिक्षकहरु सबैले तालिम प्राप्त गरेका छन् ।

- १  घण्टा भित्र सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित भएको छ ।
- साक्षर गाउँ पालिका घोषणा भएको ।
- गाउँ पालिकाले **हाम्रो मनहरी, हाम्रो पहिचान** नामक स्थानीय पाठ्यक्रम र पुस्तक संचालनमा ल्याईएको ।
- गाउँ पालिका भित्र मा.वि. ९, आधारभुत विद्यालय २३, परम्परागत विद्यालय ० र संस्थागत विद्यालय ७ गरि ३९ वटा विद्यालय रहेको ।
- शिक्षक दरवन्दीको अभाव भएका १७ वटा विद्यालयका लागि शिक्षक व्यवस्थापन अनुदान उपलव्ध गराईएको ।
- ३९ जना बालविकास सहजकर्ता, ४० जना विद्यालय कर्मचारी गरि जम्मा ७६ जनालाई मासिक तलवमा थप ९००० पारिश्रमिक थप गरि आन्तरिक स्रोतबाट तलव भत्ता निकासा गरिएको ।
- आर्थिक अभावमा पठपाठनमा कठिनाई परेका गरिव विपन्न बालवालिकाहरुमध्ये २९२ जना (रकम रु. २० लाख बराबर) बालबालिकाहरुका लागि गरिवसँग विशेश्वर शैक्षिक छात्रवृती प्रदान गरिएको
- माध्यमिक विद्यालय सञ्चालित ९ वटा विद्यालयमा सिसिटिभी र ई हाजिरी तथा अन्य २३ वटा विद्यालयमा ई-हाजिरी जडान गरिएको ।
- उत्कृष्ठ ३ वटा विद्यालय, उत्कृष्ठ २० जना शिक्षक र उत्कृष्ठ १२ जना विद्यार्थी तथा अभिभावकहरुलाई पुरुस्कार तथा सम्मान गरिएको ।
- १८ वटा विद्यालय तथा प्र.अ. मार्फत विद्यालयमा कार्यरत शिक्षकहरु संग समेत करार सम्झौता भएको ।
- ७ वटा विद्यालयमा अभिभावक सचेतना कार्यक्रम संचालन गरी ४३९ जना सो कार्यक्रममा सहभागि भएका ।
- शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारीहरुका लागि पेशागत क्षमता विकास तालिम, पाठ्यक्रम प्रवोधिकरण, ईमिस अभिमुखीकरण, विद्यार्थी मूल्यांकन तथा सामाजिक परिक्षण सम्वन्धि तालिम, विद्यालय लेखा सम्वन्धि तालिम संचालन गरिएको ।
- १३ वटा विद्यालयलाई ल्याप टप तथा ३ वटा विद्यालयका लागि टि.भी. वितरण गरिएको ।

- शैक्षिणिक योजना निर्माणमा सहज होस भन्नका लागि ४०० जना शिक्षकलाई शिक्षक डायरी र ५०० प्रति शैक्षिक क्यालेन्डर निर्माण भएको ।
- गाँउ पालिका अर्न्तगत कार्यरत शिक्षकहरुलाई गाउँपालिकाको लोगो सहितको परिचय पत्र उपलव्ध गराईएको ।
- सवै विद्यालयमा छात्राहरुका लागि सहज र सजिलै संग स्यानेटरी प्याड उपलव्ध भएको ।
- अन्तर विद्यालय स्तरिय राष्ट्रपति खेलकुद कार्यक्रम संचालन भएको । अध्यक्ष संग फुटवल र उपाअध्यक्ष संग भलिवल, वडा अध्यक्ष कप प्रतियोगिता सम्पन्न भएको ।
- IEMIS अध्यावधिक सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन भएको ।
- सुत्केरी सट्टा शिक्षकको व्यवस्था गरिएको ।

### ९.३ खानेपानी, सरसफाई तथा स्वच्छता (WASH)

- गाउँ पालिका को कूल जनसंख्या मध्ये करिव ९० प्रतिशत परिवारमा १५ मिनेट नजिक खानेपानी सेवा पुगेको देखिन्छ
- गाउँ पालिका १०० प्रतिशत घरपरिवारमा आधारभुत सुविधा भएको शौचालय सुविधा पुगेको छ । गाउँ पालिका खुला दिशा मुक्त घोषणा भै सकेको छ ।
- खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ निर्माण भएको छ।
- गाउँ पालिकाको सहयोगमा निर्मित साना तथा मझौला खालका खानेपानी योजनाहरु निर्माण भएको र जसवाट महिलाहरुको कार्यवोझ घटी अन्य आर्य आर्जनमा समय लगानी भएको
- फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न १ ट्याक्टर सहित चालक र सहचालक परिचालन गरेको ।
- टोल विकास संस्थाहरुले आफ्नो टोलको सरसफाई तथा चोकमा रात्री सडक वत्तिको व्यवस्था भएको ।

- Zero Wastage को निति कार्यान्वयन गर्न लागिएको ।

## ९.४ कृषि:

- वाँदर प्रभावित क्षेत्रमा क्षति नगर्ने ३००० वटा कागतीको विरुवा किसानलाई उपलव्ध गराईएको ।
- माटो परिक्षण शिविर तथा प्राङगरिक मलका लागि ७ टन कृषि चुन वितरण गरिएको ।
- वडा नं. ७ को रमौलीमा नरिवल वगैंचा स्थापना भएको ।
- वाली शिविर आयोजना गरी विषादी वितरण गरिएको ।
- ४४६ वटा मल्चिङ्ग प्लाष्ट्रिक वितरण गरिएको ।
- वडा नं. ९ मा ८१०० के.जी. धानको विउ वितरण गरिएको ।
- रुपाचुली र फरेवाङ्गमा अदुवा खेती विस्तारका लागि अदुवाको विउ वितरण गरिएको ।
- गाउँपालिकाका किसानको माग वमोजिम कृषी औजारहरु वितरण गरिएको ।
- गाउँपालिका अर्न्तगतका किसानहरुलाई २० वटा पानी तान्ने पम्प वितरण गरिएको ।
- निजि स्तरमा मौरी श्रोत केन्द्र स्थापना गर्न प्राविधिक तथा आर्थिक सहयोग गरिएको ।
- किसानलाई उपलव्ध गराउने प्रविधि, जिन्सी तथा वीउ विजन किसानले नै खरिद गर्ने व्यवस्था रहेको

## ९.५ पशुपालन:

- १२९३ जना दुध किसानलाई प्रति लि. रु. ३ को दरले सम्वन्धित सहकारी मार्फत ५६ लाख ५ हजार ११९ रुपैया अनुदानको रुपमा उपलव्ध गराएको ।
- हरियो घांस विस्तार कार्यक्रम अर्न्तगत जै घाँस वितरण गरिएको ।
- गाउँपालिकाका सवै किसानहरुले तत्कालै गोवर जांच गरी निशुल्क औषधी उपलव्ध गराउने सेवा रहेको । गत साल ४५०० किसानका पशुहरुको गोवर जाँच गरिएको ।
- १७०० डोज पि.पि.आर खोप पशुहरुलाई लगाईएको ।
- कृतिम गर्भाधान सेवा प्रदान गरिएको

- पशूपन्क्षीका लागि नभई नहुने अत्यावश्यक औषधिहरु व्यवस्थापन भई प्रत्येक वडामा प्राविधीकहरु मार्फत वितरण र नियमित रुपमा उपचार सेवा प्रदान भएको।
- वडा नं. १,२,६ र ८ नं. वडामा पशु स्वास्थ्य शिविर संचालन गरिएको ।
- २५ वटा गोठ सुधार कार्यक्रमका लागि अनुदान रकम उपलव्ध गराईएको ।

## ९.६ महिला, बालबालिका, अपांङ्गता र जेष्ठ नागरीक

- अपाङ्गता परिचयपत्र वितरण भएको
- राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम सहित मनाईएको ।
- पालिका तथा वडास्तरी बालसंजालका पदाधिकारीलाइ ५ र ३ दिनको क्षमता विकास कार्यक्रम संचालन गरिइको
- बालबालिकालाइ अनलाइन दुर्व्यवहार तथा यौन हिंसा विरुद्ध सचेतनामुलक कार्यक्रम ३ वटा विध्यालयहरुमा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको
- कार्यविधिको मापदण्डले तोकेका ५ जना बाबुआमा बिहिन बालबिलकालाइ भत्ता वितरण
- बालश्रम,बालविवाह, लागुपदार्थ दुर्व्यसनी तथा अनलाइन सुरक्षाका विषयवस्तुमा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको
- पूर्ण अपांगता भएका व्यध्क्तिहरुलाई सहयोग गर्नका लागि २ जना सहयोगी कार्यकर्ता भर्ना गरिएको
- बेइजिङ घोषणापत्र तथा विश्व महिला आन्दोलन सम्बन्धि अभिमुखिकरण
- एड्भान्स ब्यूटिपार्लर कार्यक्रम, मेहेन्दी डिजाइन सम्बन्धि तालिम, क्रिष्टल गहना बनाउने तालिम संचालन गरिएको ।
- महिलाहरुकव लागि सिपमुलक कार्यक्रम अन्तर्गत गार्मेन्ट सिलाइ कटाइ तालिम संचालन गरिएको
- साबुन तथा हार्पिक बनाउने तालिम, रेशम चुरा बनाउने तालिम, झोल तथा डल्लो साबुन बनाउने तालिम,अचार बनाउने तालिम, डल कुशन बनाउने तालिम संचालन गरिएको ।

- लैससास रणनीति निर्माण गरी कार्यपालिकाबाट पारित गरिएको
- अन्तराष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा महिला हकहित सचेतना कार्यक्रम
- प्रत्येक विद्यालयमा बालक्लब गठन भईक्लबको सक्रियतामा अतिरिक्त क्रियाकलाप सञ्चालन
- गत साल पालिका भरी १०३३ जन्म, ३१७ मृत्यू, ७४ सम्वन्ध विच्छेद, ४१० विवाह, १६६ वसाई सराई आएको, ३८४ वसाई सरी जाने देखिएको छ ।
- २३३६ जना जेष्ठ नागरीक, १०४ जना दलित जेष्ठ नागरीक, ३०५ जना जेष्ठ नागरीक एकल महिला, ५८२ विद्यवा, लोपोन्मुख जाती ८८,साथै क वर्गको अपागंता १०६ जना, ख वर्गको अपांगता गरी १६८ र दलित वालवालिका भत्ता स्वरुप २२४ जना लाई तथा लोपोन्मुख वालवालिका १ जना सामाजिक सुरक्षा भत्ता उपलव्ध गराईएको ।

## ९.७ रोजगार, गरिवी निवारण र जनचेतना

- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिएको ।
- यस आ.व.मा ३३१ जना वेरोजगारहरु सूचिकृत गरिएको ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रमवाट ७१ जनाले रोजगारी हासिल गरी रु. ६१,३७,००६ रुपैया प्राप्त गरेका ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रमवाट २७ वटा योजना सम्पन्न भएको ।
- रोजगार सम्वाद मंचको संचालन र व्यवस्थापन कार्यविधि, २०८० स्विकृत भई लागू भएको ।
- गाउँ पालिकाको रोजगार रणनिति निर्माण कार्य अघि वढाइएको ।

## ९.८ उद्यम, उद्यमशिलता, सहकारी र उद्योग तथा बैदेशिक रोजगारी

- मेड्पा अर्न्तगत वडा नं. ६ नयाँ वस्ती, लोथर संभावित उद्यमीहरुलाई ८ दिने व्यवसाय सचेतना र व्यवसाय शुरु तालिम दिईएको ।
- ८५ जनालाई छोटो अबधिको तालिमहरु १५ जनालाई झोल सावुन, ३० जनालाई कृषि तथा पशु पालन तालिम सम्पन्न भएको ।

- २ वटा लघुउद्यमी समूहका ३० जना लघुउद्यमीहरुलाई लघु बित्तिय पहूँच संबन्धी अभिमूखिकरण तालिम प्रदान गरिएको छ ।
- प्रबिधि हस्तान्तरण अन्तरगत : नयाँ लघुउद्यमी समूह र पुराना लघु उधमी समुहहरु गरेर उद्यमीहरुलाई ७१ रोल मल्चीङ्ग प्लाष्टीक, ई चाप कटर वितरण गरेको ।
- एड्भान्स तालिमको रुपमा क्रिष्टल गहना वनाउने, रेशम चुरा वनाउने तालिम संचालन गरिएको
- सामी तर्फ वडा तहमा वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन गरिएको ।
- जिल्ला प्रशासन कार्यलयको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि र कर्मचारी सँगकौ समन्वय वैठक आयोजना गरिएको ।
- प्रहरी अभिमुखिकरण, पत्रकार, जनप्रतिनिधि, समुदायका  अगुवाहरुलाई आप्रवासनको असर तथा प्रभाव, सामाजिक वहिस्करण प्रभाव न्यूनीकरण संम्वन्धि अनुशिक्षण गरिएको ।
- स्थानीय आप्रावसी कामदारहरुको संजाल सदस्यहरुको वैठक तथा पैरवी कार्यक्रम संचालन गरिएको
- आप्रावसी कामदारहरुको संजालको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएको ।

## ९.९ पूर्वाधार विकासः

गत साल पूर्वाधार अर्न्तगत सम्पन्न योजनाहरुको नतिजा तल प्रस्तुत गरिएको छ ।

- स्लाब बाटो निर्माण :९,७१३।०० मिटर
- ग्राभेल बाटो निर्माण :६,१९०।८० मिटर
- नयाँ ट्र्याक निर्माण :६,६६२।०० मिटर
- रिटेनिंग वाल (RRM) :१,७३२।५० मिटर
- पक्कि नाला निर्माण :१,११७।५० मिटर
- ग्याविन ड्याम निर्माण :८४३।५० मिटर
- कल्भर्ट निर्माण :९ वटा
- कम्पाउण्ड वाल :२,५५१।०० मिटर
- घर अभिलेखिकरण : ७४ वटा
- नया घर नक्शा पास : ५ वटा
- खानेपानी पाइपलाइन विस्तार कार्य :१७,५९५मिटर

- गत आ.व.मा प्राविधिक शाखावाट भएका महत्वपूर्ण योजनाहरु लामिटार कार्यालय भवन निर्माण, दर्दरा डिल्लीपुर सडक स्तरउन्नती, ट्वाङ्गरा खोला पक्कि पुल निर्माण, मसिने खोला पक्कि पुल निर्माण, मानेडाँडा रमौली जाने सडक स्तरउन्नती, ज्यामिरे केरावारी सडक स्तरउन्नती, सुनाचरी जोगी ताल वृहत खानेपानी योजना, वडा नं ८ र ९ सिमा सडक स्तरउन्नती रहेको ।
- मापदण्ड कडाईकासाथ कार्यन्वयनमा लागेको ।
- सडकमा भएका अव्यबस्थीत तार र पोलहरु हटाईएको ।
- NEPAL BUILDING CODE लाई कडाईका साथ कार्यन्वयन  गरेको ।
- Building bylaws २०८० प्रस्ताबित गरीएको ।
- सार्वजनिक जग्गाहरु एकिन गरि संरक्षण गर्न लागिएको ।
- जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७९
- खानेपानी समिति तथा मुहान दर्ता गर्न लागिएको ।

### ९.१० सुशासन तथा संस्थागत विकास

- गत आ.व.मा कार्यपालिकाको वैठक १९ पटक र २७१ वटा निर्णयहरु गरिएको र सो निर्णयहरु वेभ साईडमा प्रकाशन गरिएको ।
- प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख विच कार्य सम्पादन सम्झौता भएको ।
- सुशासन ऐन, २०८० जारी गरिएको ।
- कार्य सम्पादन मूल्याङ्कन, स्तर वृद्धी तथा बढुवा गरी कर्मचारीको वृत्ती विकास गरिएको ।
- कर्मचारीको ई-हाजिरी व्यवस्थित बनाइएको।
- कर्मचारीहरुका गतिविधिहरुको निरन्तर CCTV वाट निगरानी ।
- ड्रेस कोडलाई कार्यान्वयनमा ल्याइएको ।
- कर्मचारीहरुलाई काममा थप उत्प्रेरित बनाउन कर्मचारी सम्मान कार्यक्रमलाई संस्कारका रुपमा नै विकास गरिएको।
- सेवा प्रवाह सम्बन्धी मापदण्ड, २०८० निर्माण गरी कार्यान्वयनमा ल्याईएको।

- जम्मा कानून १५२ वटा रहेका छन्। आ व  २०८०।८१ मा बनेका कानून ३२ वटा रहेका छन् ।
- मनहरी गा.पा अन्तर्गतका निकायमा कार्यरत का.स.हरुको क्षमता विकासका लागि एक दिवसिय अन्तक्रिया कार्यक्रम ।
- २९ जनप्रतिनिधि तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण ।
- जनप्रतिनिधिहरुलाइ अभिव्यक्ति कला सम्बन्धि तालिम सञ्चालन गरिएको
- नागरिक सहायता कक्षको स्थापना र व्यवस्थापन ।
- कार्यालयका सुचना निर्णय कानुन समिक्षा प्रतिवेदन वेभसाइट मार्फत सार्वजनिक
- डिजिटल नागरिक वडापत्रको व्यवस्था ।
- मनहरी गाउँपालिकाको वडा नं. १, ६ र ९ गरी तीन स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन ।
- बार्षिक समिक्षा सहित प्रथम दोश्रो र तेश्रो त्रैमासिक समिक्षा कार्यक्रम सञ्चालन
- कर्मचारी, जनप्रतिनिधि र शिक्षकको गरी जम्मा ४३८ जनाको सम्पति विवरण अनलाइन प्रविष्ट गरी सम्बन्धित निकायमा पठाइएको ।

### ९.११ विपद् व्यवस्थापन

- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन तयारी  कार्यविधि निर्माण
- आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापनका लागि आवश्यक विपद् पूर्वतयारी तथा प्रतिकार्य सामग्रीहरु व्यवस्थापन
- पालिकाबाट विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा ।
- नगर प्रहरी पदपूर्तीले विपद् व्यवस्थापनमा थप सहयोग ।

### ९.१२ न्यायिक समिति

न्यायिक समितिले सम्पादन गरेका विवाद सम्बन्धी कामकारवाहिको विवरण-

- जम्मा दर्ता भएका बिवाद संख्या  - २७ वटा

- हालसम्म फछ्यौट भएको बिवाद संख्या -१८ वटा
- वडा तहमा रहेको विवाद संख्या ८९ वटा र फछ्यौट ६४ वटा
- ४८ घण्टे मेलमिलाप सम्वन्धि तालिम स्थानीय समुदायकालाई तालिम प्रदान गरिएको ।
- मिसिल लेखन तालिम उपलव्ध गराइएको ।
- ४७ जना मेलमिलापकर्ता सूचिकृत भएको ।
- मेलमिलाप कर्ताको क्षमता विकासका लागि अध्ययन भ्रमणको आयोजना गरिएको ।

## ९.१२ सामाजिक विकासः

- मनहरी गाउँपालिका भित्र कार्यक्षेत्र भई क्रियाशील रहेका गैर सरकारी संस्थाहरुको अन्तर्क्रिया कार्यक्रम
- साबिक मनहरी र हाँडीखोलाका सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्रयोगात्मक सहितको अभिमुखिकरण तालिम
- ७ दिनको झोल साबुन तथा फिनेल बनाउने तालिम संचालन गरिएको थियो । जसमा ४२ जनाको सहभागीता रहेको ।
- १० दिने बनकरिया समुदायका महिलाहरुलाई अचार बनाउने तालिम समपन्न
- टोल बिकास संस्थाका पदाधिकारीहरुलाई घरेलु हिंसा सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न
- चेपाङ समुदायका महिला दिदी बहिनीहरुको लागि डल तथा कुशन बनाउने तालिम समपन्न
- टोल बिकासका पदाधिकारी तथा समुदायिक वन उ का पदाधिकारीलाई.स.विपद पूर्व तयारी र अभिमुखिकरण कार्यक्रम २ दिने अभिमुखिकरण तालिम संचालन गरिएको
- टोल बिकास संस्थालाई पास बुक मुल खाता बैठक रजिष्टर ऋण खाता ऋण निबेदन तथा तमसुक बचत खाता खरिद गरि बितरण
- मानव अधिकार मानव बेचबिखन बिरुद्धको कार्यक्रम समपन्न
- शहिद बेपता परिवार तथा द्न्दबाट प्रभावित ब्यक्तिहरुलाई मनोसामिजक परामर्श तथा नेतृत्व बिकास तालिम संचालन भएको
-

**१०. योजनाको स्थलगत अनुगमन र यी योजनाको आर्थिक तथा सामाजिक प्रभावहरु:**

**योजनाको नाम: वडा कार्यलय देखी थापा टोल सम्म वाटो तथा नाला स्तरिकरण**

**पृष्ठभूमि:**

मनहरी गाउँपालिका अर्न्तगत वडा नं. ५ मा पर्ने सन्तपुर थापा टोल ईलाकामा क्षेत्रका जनताहरुलाई सहज र सरल तरिकाले खानेपानीको सुविधा उपलब्ध गराउनको लागि योजना निर्माण गरिएको हो । यसवाट २०३ घर परिवार लाभान्वित भएका छन् । यस क्षेत्रमा तामाङ्ग, क्षेत्री तथा वाह्मण र दलित थरका वासिन्दाहरुको वसोवास रहेको छ। यस योजनामा १५ प्रतिशत प्रतिशत जनसहभागिता जुटेको छ। यस योजनावाट ७३ मीटर पक्कि नाला निर्माण भएको छ। यस योजनाको जम्मा लागत रु. ३,५२,९९७ रहेको छ ।



**योजना छनोट प्रक्रिया:**

मनहरी गाउँ पालिका वडा नं. ५ मा त्यस क्षेत्रका जनताहरु भेला भई जन प्रतिनिधिहरुको उपस्थितिमा ७ सदस्यिय उपभोक्ता समिति गठन गरी गांउ पालिकावाट रु. ३,००,००० वजेट प्राप्त गरी पक्कि नाला निर्माण गरिएको थियो । उपभोक्ता समितिमा ४५ प्रतिशत दलित तथा महिलाको सहभागिता रहेको थियो । उपभोक्ता समिति गठन गर्दा ३ सदस्यिय अनुगमन समिति पनि गठन गरिएको थियो ।

**कार्यक्रमको उपलब्धि तथा प्रभावहरुः**

- करीव २०० परिवार खेतीयोग्य जमिन सिंचित भएको ।
- सिंचाईको सुविधाका कारण खाद्यान्न तथा तरकारी वालीको उत्पादनमा वृद्धि भएको ।
- नगदे वालीको रुपमा तरकारी लगाउने किसान वृद्धि भएका ।
- जुनसुकै वखत पनि सिंचाई गर्ने सुविधा प्राप्त भएको ।

**योजनाको नामः मगर गुठी भवन निर्माण(ट्वाईलेट निर्माण समेत)**

**पृष्ठभूमिः**

मनहरी गाउँपालिका अर्न्तगत वडा नं. ५ मा पर्ने वसन्तपुर क्षेत्रमा रहेका मगर समुदायका वासिन्दाहरुलाई पर्व, उत्सव, समुदायको वैठक वस्न सहज होस भन्ने हेतुले गुठी भवन निर्माण गरिएको हो । दुई कोठे भवन , ट्वाईलेट तथा वार वन्देजका लागि पक्कि पर्खाल समेत निर्माण भएको छ । यसवाट करिव १०० घर परिवार लाभान्वित भएका छन् । यस क्षेत्रमा तामाङ्ग, मगर वाहुन, क्षेत्री तथा दलित परिवारको वसोवास रहेको छ । यस योजनामा १५ प्रतिशत जनसहभागिता जुटेको छ । यस योजनाको जम्मा लागत रु. ५,८८,४२०।११ रहेको छ ।



**योजना छनोट प्रक्रियाः**

मनहरी गाउँपालिका वडा नं. ५ वसन्तपुर र त्यस क्षेत्रका जनताहरु भेला भई जन प्रतिनिधिहरुको उपस्थितिमा ७ सदस्यिय उपभोक्ता समिति गठन गरी गांउ पालिकावाट रु. ५,००,०००  ल्याई योजना संचालन गरिएको थियो । उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाको सहभागिता रहेको थियो । उपभोक्ता समिति गठन गर्दा ३ सदस्यिय अनुगमन समिति पनि गठन गरिएको थियो ।

**कार्यक्रमको उपलव्धि तथा प्रभावहरुः**

- स्थानीय जनजाती मगर समुदाय र त्यस क्षेत्रका जनजातीहरुको लागि वैठक, भेला, पर्व, उत्सव मनाउनका लागि सजिलो भएको छ ।

**योजनाको नामः हाडीखोला खानेपानी योजनाको ट्यांकीमा रंगरोगन तथा प्लाष्टर योजना**

**पृष्ठभूमिः**

मनहरी गाउँपालिका अर्न्तगत वडा नं. ३ मा पर्ने कौगेडी  ईलाकामा क्षेत्रका जनताहरुलाई सहज र सरल तरिकाले दिगो खानेपानीको सुविधा उपलब्ध गराउनको लागि योजना निर्माण गरिएको हो । यसवाट २०१ घर परिवार लाभान्वित भएका छन् । यस क्षेत्रमा तामाङ्ग, क्षेत्री तथा वाह्मण र दलित थरका वासिन्दाहरुको वसोवास रहेको छ। यस योजनामा १५ प्रतिशत प्रतिशत जनसहभागिता जुटेको छ । यस योजनाको जम्मा लागत रु. १,००,००० रहेको छ । यस योजनावाट ट्यांकी भित्र पुनिङ्ग, प्लाष्टर र वाहिर फेर रंगरोगनको कार्य गरिएको थियो ।



**योजना छनोट प्रक्रियाः**

मनहरी गाउँ पालिका वडा नं. ३ मा त्यस क्षेत्रका जनताहरु भेला भई जन प्रतिनिधिहरुको उपस्थितिमा ७ सदस्यिय उपभोक्ता समिति गठन गरी गांउ पालिकावाट रु. १,००,०००।०० वजेट प्राप्त गरी रंगरोगन तथा प्लाष्टर र पुनिङ्गको कार्य रिएको थियो ।  उपभोक्ता समितिमा ६५ प्रतिशत दलित तथा जनजातीको सहभागिता रहेको थियो । उपभोक्ता समिति गठन गर्दा ३ सदस्यिय अनुगमन समिति पनि गठन गरिएको थियो ।

**कार्यक्रमको उपलव्धि तथा प्रभावहरुः**

- शुद्ध खानेपानी को सेवा २०१ घर परिवारले प्राप्त गरेका ।
- घरमा नै पानीको उपलव्धताले समय वचत भई महिलाहरुले सिप मूलक क्षेत्रमा श्रम प्रयोग गरी आम्दानी वढाएका ।

**योजनाको नामः नमूना कृषि सहकारी संस्थाको भवन रंगरोगन तथा टायल विच्छ्याउने योजना**

**पृष्ठभूमिः**

मनहरी  गाउँ पालिका अर्न्तगत वडा नं. ३ का सहकारीमा आवद्ध जनताहरुको सुविधाका लागि नमूना कृषि सहकारी संस्थाको भवन रंगरोगन तथा टायल विच्छ्याउने कार्य सम्पन्न भएको छ । यसवाट ५००  घर परिवार लाभान्वित भएका छन् । यस क्षेत्रमा तामाङ्ग, क्षेत्री तथा वाह्मण, दलित थरका वासिन्दाहरुको वसोवास रहेको छ ॥ यस योजनाको जम्मा लागत रु. ५,००,००० रहेको छ



**योजना छनोट प्रक्रियाः**

मनहरी  गाउँ पालिका वडा नं. ३  सक्रिय त्यस क्षेत्रका जनताहरु भेला भई यो योजनाको माग भएको हो ।

**कार्यक्रमको उपलब्धि तथा प्रभावहरुः**

- सहकारीमा आवद्ध सदस्यहरुले सस्तो र सुलभ रुपमा सामानहरु किन्न पाएका ।
- वचत तथा ऋणको कारोवार गर्न पाएका ।
- भवनमा पानी कारण असर नपर्ने ।
- गाउँपालिकाको पूर्वाधार सहयोगले सहकारीका सदस्यहरु लाभान्वित हुन सकेका ।

**योजनाको नामः गिरी टोल हुदै झोलुडे पुल जाने वाटोमा माथि पहिरो नियन्त्रणका लागि पक्कि पर्खाल निर्माण योजना**

**पृष्ठभूमिः**

मनहरी गाउँपालिका अर्न्तगत वडा नं. ३ मा पर्ने गुन्दूङ्ग  ईलाका क्षेत्रका जनताहरुलाई सहज र सरल तरिकाले जग्गा जमिन, घर संरक्षण र पहिरो नियन्त्रणका लागि योजना निर्माण गरिएको हो । यसवाट ४० घर परिवार लाभान्वित भएका छन् । यस क्षेत्रमा तामाङ्ग, क्षेत्री तथा वाह्मण र दलित थरका वासिन्दाहरुको वसोवास रहेको छ । यस योजनामा १५ प्रतिशत प्रतिशत जनसहभागिता जुटेको छ । यस योजनाको जम्मा लागत रु. ३,००,००० रहेको छ ।



**योजना छनोट प्रक्रिया:**

मनहरी गाउँ पालिका वडा नं. ३ मा त्यस क्षेत्रका जनताहरु भेला भई जन प्रतिनिधिहरुको उपस्थितिमा ७ सदस्यिय उपभोक्ता समिति गठन गरी गांउ पालिकावाट रु. ३,००,०००।०० वजेट प्राप्त गरी रंगरोगन तथा प्लाष्टर र पुनिङ्गको कार्य रिएको थियो । उपभोक्ता समितिमा ४५ प्रतिशत दलित तथा जनजातीको सहभागिता रहेको थियो । उपभोक्ता समिति गठन गर्दा ३ सदस्यिय अनुगमन समिति पनि गठन गरिएको थियो ।

**कार्यक्रमको उपलब्धि तथा प्रभावहरु:**

- घर, जग्गा जमिन संरक्षण भएको ।
- पहिरो नियन्त्रणमा सघाउ पुर्‍याएको ।

## ११ . सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

- गाउँ पालिकाको कार्यालयले कार्यालय अर्न्तगतका शाखा, उपशाखा, ईकाईहरुलाई आफ्नो शाखा, उपशाखा अर्न्तगतको कार्यक्रम कार्यान्वयन गर्न स्वायक्त दिनुका साथै शाखाहरुको क्षमता विकासमा योगदान पुर्‍याएको र प्रमुख प्रशासकिय अधिकृतमा निहित केही अधिकारहरु शाखा प्रमुखहरुलाई निपेक्षण गरेको ।
- गाउपालिकालाई गुड्खा निषेध क्षेत्र घोषणा गरेको ।
- देशै भरका गाउँपालिका मध्ये मनहरी गाउँपालिका वाल मैत्री स्थानीय शासन घोषणा गर्ने पहिलो गाउँपालिका वनेको ।
- गरिव संगं विश्वेश्वर विमा कार्यक्रम अर्न्तगत १८०४ अति विपन्न परिवारलाई स्वास्थ्य विमा गर्न सहयोग गरिएको ।
- गाउँपालिकाको सहयोगमा रेडक्रस संगको समन्वयमा विरामीको लागि आवश्यक पर्ने रगत निशुल्क उपलव्ध गराउने गरिएको ।
- मनहरी अस्पतालले विहान ८ वजे देखि सांझ ५ वजे सम्म OPD सेवा उपलव्ध छ ।

- गाउँपालिका, रेडक्रस र सामुदायिक आंखा अस्पताल संगको समन्वयमा सामुदायिक आंखा सेवा केन्द्र संचालनमा रहेको ।
- पुर्ण संस्थागत सुत्केरीको लागी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको ।
- ज्येष्ठ नागरिक एबम् पुर्ण अपाङ्गता घरदैलो स्वास्थ्य सेवा बाट २८९७ जनाको स्वास्थ्य परिक्षण गरिएको ।
- मनहरी अस्पतालमा स्तनपान कक्ष निर्माण गरिएको ।
- चेपाङ तथा लोपोन्मुख जातीहरुका वालवालिकाहरुले पूर्ण खोप प्राप्त गरे पछि जनही रु ५,००० उपलब्ध गराउने गरेको ।
- गर्भवति महिलाहरुको लागि सम्पूर्ण ल्याव सेवा निशुल्क रहेको ।
- गाउँ पालिकाले हाम्रो मनहरी, हाम्रो पहिचान नामक स्थानीय पाठ्यक्रम र पुस्तक संचालनमा ल्याईएको ।
- आर्थिक अभावमा पठपाठनमा कठिनाई परेका गरिव विपन्न बालवालिकाहरुमध्ये २९२ जना (रकम रु. २० लाख बराबर) बालबालिकाहरुका लागि गरिवसँग विशेश्वर शैक्षिक छात्रवृती प्रदान गरिएको
- उत्कृष्ठ ३ वटा विद्यालय, उत्कृष्ठ २० जना शिक्षक र उत्कृष्ठ १२ जना विद्यार्थी तथा अभिभावकहरुलाई पुरुस्कार तथा सम्मान गरिएको ।
- १८ वटा विद्यालय तथा प्र.अ. मार्फत विद्यालयमा कार्यरत शिक्षकहरु संग समेत करार सम्झौता भएको ।
- गाँउ पालिका अर्न्तगत कार्यरत शिक्षकहरुलाई गाउँपालिकाको लोगो सहितको परिचय पत्र उपलब्ध गराईएको ।
- सुत्केरी सट्टा शिक्षकको व्यवस्था गरिएको ।
- किसानलाई उपलब्ध गराउने प्रविधि, जिन्सी तथा वीउ विजन किसानले नै किन्ने व्यवस्था रहेको ।
- Zero Wastage को निति कार्यान्वयन गर्न लागिएको ।
- १२९३ जना दुध किसानलाई प्रति लि. रु. ३ को दरले सम्वन्धित सहकारी मार्फत ५६ लाख ५ हजार ११९ रुपैया अनुदानको रुपमा उपलब्ध गराएको ।

- गाउँपालिकाका सवै किसानहरुले तत्कालै गोवर जांच गरी निशुल्क औषधी उपलव्ध गराउने सेवा रहेको । गत साल ४५०० किसानका पशुहरुको गोवर जाँच गरिएको ।
- किसानलाई उपलव्ध गराउने प्रविधि, जिन्सी तथा वीउ विजन किसानले नै खरिद गर्ने व्यवस्था रहेको
- गाउँ पालिकाले वडामा जाने वजेट वृद्धि गरेको ।
- न्यायीक समितिले चुस्त र छिटो छरिटो न्याय प्रणाली सम्पादन गरेको ।
- वाल विकास केन्द्रको लागि वजेट छुट्याउन थालेको ।
- जेष्ठ नागरीक तथा पूर्ण अपांगता भएका व्यक्तिहरुलाई स्वास्थ्यकर्मी चेक जांच तथा उपचारका लागि घर दैलो सेवा उपलव्ध भएको ।
- गरिब तथा अति बिपन्न परिवारको लागी एम्बुलेन्स सेवामा ५०% छुटको ब्यबस्था
- प्राकृतिक श्रोत साधनहरुको प्रचुर मात्रामा उपयोग गरी गाउँ पालिकाको आर्थिक क्षेत्रमा अभिवृद्धि ल्याउन सकिने ।
- टोल विकास संस्थाहरुको सक्रियतामा पालिकाका टोलहरु सरसफाई गर्ने कार्य निरन्तर भएको साथै सडक वत्तिको व्यवस्था पनि टोल विकास संस्थाहरुले गरेका ।
- मनहरी गाउँ पालिका  खुल्ला दिसामुक्त पूर्ण साक्षर, पूण खोप गाउँ पालिका को रुपमा घोषणा भएको छ ।
- विकासमा महिला सहभागिता, वातावरण संरक्षण, सामाजिक परिचालन, रोजगारी वृद्धि लगायतमा गत वर्ष भन्दा सकारात्मक उपलब्धी देखिएको छ ।
- विभिन्न वडामा खनिएको मोटर वाटोले गाउं संग उत्पादनको सम्वन्ध विकास भएको छ ।
- गाउँपालिकाले  सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ ।
- सामाजिक विकास कार्यमा नागरिक संगठनहरुको भूमिका समेत उल्लेख्य देखिएको छ । खानेपानी तथा सरसफाई, खुल्ला दिसामुक्त अभियान, पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापन, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, नदी सरसफाई अभियान, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ
- सार्वजनिक सुनुवाइको निरन्तरताले गाउँपालिकाको  जनतासंग को सम्वन्ध विकास भई जनताको आवाजको सुनुवाई भएको छ ।

- गुनासो प्राप्तिका लागि टेलिफोन, इमेल, उजुरी पेटीका आदिको व्यवस्था गरेको र गुनासो सुन्ने अधिकारी तोकीएको ।
- कार्य पालिकाको वैठकको निर्णय तत्कालै वेभ साईडमा प्रकाशन गरेको ।
- आय व्यय विवरण वेभ साईडमा प्रकाशन गर्ने गरेको ।
- महिला, बालबालिका, आदिवासी जनजाति, अपांग, दलित पिछडिएका वर्ग लगायत लक्षित वर्गहरूको आवश्यकतालाई सम्बोधन गर्न आन्तरिक स्रोतबाट समेत वजेट छुट्याई कार्यान्वयन गरेको ।
- अनुगमन प्रणाली चुस्त रहेको ।
- नियम अनुसार समयमा नै गाउँ सभा हुने गरेको ।
- गाउँ पालिका अर्न्तगत गठित समिति, उप समितिहरु सक्रियता उत्तम रहेको ।

## १२. गत वर्षमा भोगेका समस्याहरू

- जनताका मागहरु स्रोत र क्षमताको तुलनामा वढी प्राप्त भएकोले अपेक्षित रुपमा पूरा गर्न नसकिएको
- लक्षित तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु नतिजामूलक हुन नसकेको ।
- चालु अवस्थामा रहेका सडक मार्गहरु वर्षातका कारण भत्कन गई पटक पटक मर्मत संभार गर्नु पर्ने ।
- सार्वजनिक कार्यमा अपनत्वको कमी
- जन सहभागिता जुटाउन कठीन ।
- कृषि क्षेत्रलाई व्यवसायिक र आधुनिकरण गर्न नसकिएको ।
- आकस्मिक रुपमा आउने वाढी तथा पहिरो व्यवस्थापनमा असहजता
- एउटै सडक संजालमा धेरै पटक वर्ष लगानी
- उपभोक्ता समितिहरुको क्रियाशिलता अपेक्षित सक्रिय नदेखिनु ।
- क्षमता विकास तालिम सञ्चालन गर्दा स्थानीय तर्फको स्वीकृत दररेट र दक्ष विज्ञ प्रशिक्षकको दररेटमा तालमेल नमिल्दा कार्यक्रम सञ्चालनमा कठिनाई ।
- नवनियुक्त कर्मचारीहरुलाई सेवा प्रवेशसँगै तालिम लगायतका क्षमता विकास कार्यक्रम नहुँदा शुरुमै जिम्मेवारी सम्हाल्न असहजता ।

## १३. सामाजिक जिम्मेवारी पूरा गर्न गाउँ पालिकाले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

- प्रत्येक नागरिकको अनिवार्य स्वास्थ्य विमा गर्ने, जेष्ठनागरिक, विपन्न, दलित, एकल महिला र अपाङ्गता सहितका व्यक्तिको स्वास्थ्य विमा निशलुक गर्ने
- चालिस माइक्रोन भन्दा मुनिको प्लास्टिकको प्रयोग पूर्णरुपमा निषेध गर्ने।
- लिचि, आँप, कागति, नरिवल खेतीमा वृहत तथा केन्द्रिकृत कार्यक्रम संचालन ( पकेट क्षेत्र विकास गर्ने वडा नं १ चकरी, वडा नं. ४ मसिने, वडा नं. ३ विक्रम पर्ता , रुपाचुरी
- मूल्य अभिवृद्धिका लागि वेमौसममा विक्री वितरण गर्नका लागि उत्पादीत फलफुललाई सहभागितात्मक चिस्यान केन्द्र (कोल्ड स्टोर) को कार्यक्रम संचालन गर्न सकिने । तर भै रहेको चिस्यान केन्द्रको विविध कारणले उपयोग गर्न नसकिएको यर्थाथता पनि छ ।
- आलु पकेट क्षेत्रको रुपमा वडा नं. २,३,५,६ र ८ लाई विकास गर्नु पर्ने । सामुहीक आलु खेतीमा जोड दिने ।
- पकेट क्षेत्रहरुमा आलु सहकारी संस्था मार्फत मूल्य अभिवृद्धिका लागि आलुको विउ उत्पादन र भण्डारणका लागि Rustic Store निर्माण गर्न सकिने ।
- आलुको Value Addition का लागि आलु वाट वन्ने dry Product हरु वनाई प्याकेजिङ्ग गरी वजारमा लैजान सकिने ।
- मकै भुट्ने मेशिन सहयोग गरी Dry Maize उत्पादन गर्न सकिने ।
- ड्रागन फ्रुड विस्तारमा जोड दिन सकिने ।
- यि क्षेत्रहरु मनहरी गा.पा. वडा नं. ३ भुन्डुङ्ग, हाडीखोला, वडा नं. ६ रुपाचुरी, वडा नं. ८ सिम्पानी, वडा नं. ९ ज्यामिरे वडा नं. ४ मसिने, वडा नं. ५ डिल्लीपुर र वसन्तपुर ईलाकालाई तरकारी जोनको रुपमा विकास गर्न सकिने ।
- किसानहरुको आम्दानी वढाउनका लागि Low volume high Value product हरु तरकारी तथा लहरे वालीको विउ उत्पादन ( विशेष गरी टमाटर सिर्जना जातको, काक्रो, घिरौला, रायो, मूला, सिमी ) मा विशेष कार्यक्रम ल्याई विउ विक्री गर्न सकिने । यसको लागि गाउँपालिकाले

विउ विजन प्रयोगशालामा निशुल्क चेक गर्ने व्यवस्था मिलाउन सकिने । वार्षिक रुपमा विउ उत्पादक कृषक र व्यापारी संग मोल मोलाई र सम्झौताका लागि १ दिने कार्यक्रम गाउँपालिका वा दातृ निकायको सहयोगमा आयोजना गर्ने ।

- स्थानीय केराहरु विकास र विस्तार गर्नका लागि पकेट क्षेत्रको रुपमा विकास गर्नु पर्ने वडा नं. ४
- रैथाने वालीहरु कोदो, फापर, भटमास, मास वालीलाई संरक्षण र विकास विस्तारको कार्यक्रम ल्याउनु पर्ने ।
- अदुवा वेसार का लागि वडा नं. ६ र ७ क्षेत्रलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- मौरी पालनका लागि विशेष गरी वडा नं. ६ र ७ को प्रर्तापुर क्षेत्रमा सघन कार्यक्रम ल्याउन सकिने
- वाख्रा पकेट क्षेत्रको रुपमा गाउँपालिकाको संभावित क्षेत्रलाई विशेष प्राथामीकता दिन सकिने । स्थानीय खरी जातका वाख्रालाई वोयर क्रस गराउने योजना ल्याउन सकिने )
- अण्डामा आत्मनिर्भर मनहरी  गाउँपलिका वनाउनका लागि लेयर्स जातको कुखुरापालनमा जोड दिने ।
- Dry Meat का लागि अत्यधिक संभावना रहेको । वोयर जातको वाख्राको Dry Meat वजारमा रु. ६,००० प्रति के.जि.मा विक्रि वितरण भैरहेको ।
- स्थानीय रुपमा नै दाना उद्योग र साईलेज उत्पादन गर्न सकिने संभावना रहेको
- भूमीहीनहरुका लागि भूमी वैकको स्थापना गर्न सकिने ।
- पशुपंक्षी, मत्स्य र वालीहरुको विमा गर्ने परिपाटीको थालनी गर्न सकिने ।
- पर्यटकीय क्षेत्रको रुपमा रमौली, प्रर्तापुर, सुनाचुरी, मनहरी पिस पार्क, गोगनपानी भ्यू टावर, भिमान सहिदपार्क, चेपाङ्ग कल्चर, वन करिया होम स्टे, पिकनिक स्पोट्स, वडा नं. ४ गोही संरक्षण, मोरड्गे ताल सुनादेवी मन्दिर, ऐताहासिक मनकामना मन्दिर, रानी पोखरी गढि डाँडा, शिखर वास पिकनिक स्पट, ट्री हाउस मोर्डन पार्क, शिखर वास पिकनिक स्पट, कालीका झरना, देउराली सिमल मन्दिर समेतलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- Home stay develop गर्ने गांउहरुमा cooking Baking र अतिथि सत्कारको वारेमा तालिम आयोजना गर्न सकिने ।
- मनहरी मा पर्यटन सूचना केन्द्र स्थापना गरी संचालन गर्न सकिने ।

- धार्मिक, ऐतिहासिक औषधी जन्य तथा साहसिक पर्यटन प्रवद्धन गर्न Leaflet तथा वृत चित्र निर्माण गरी प्रसार प्रसार गर्न सकिने ।
- Medicianal herbs हरुको प्रचुर रुपमा विकास गर्न सकिने ।
- वाल विवाह न्यूनिकरण संम्वन्धि प्याकेजमा कार्यक्रम लागु गर्न सकिने ।
- आन्तरिक पर्यटन प्रवद्धनका लागि सामुदायिक होम स्टे प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने ।
- खुशी जेष्ठ नागरिक, खुशी बालबालिकाःअपाङ्गमैत्री सबै पालिकाको नारा कार्यान्वयन गर्ने ।
- लक्षित क्षेत्रका बजेटहरु विपन्न र आधारभूत तहका जनताको जीवनस्तरमा रुपान्तरण हुने योजनाहरुमा मात्र लगानी प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।
- सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने
- संयुक्त अनुगमन प्रक्रियालाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्दै यो प्रक्रियालाई अझ विस्तारित बनाउँदै सकभर गाउँ पालिकामा संचालन हुने सबै योजनाको तहसम्म पुग्ने वातावरण बनाउनु पर्दछ ।
- भू उपयोग सूचना प्रणाली अनुसार कामको थालनी गर्नुपर्ने ।
- आन्तरिक आयमा बृद्धिगर्नका लागि नंया श्रोतको खोजी,अध्ययन लगायत योजना निर्माण गर्ने ।
- बेरुजु कम गर्ने तथा फछ्यौटमा जोड दिनु पर्ने ।
- वातावरण संरक्षणमा ध्यान दिनुपर्ने
- आय आर्जन र स्वरोजगारका कार्यक्रम वृद्धि गर्नुपर्ने
- युवा लक्षित कार्यक्रम ल्याउनु पर्ने
- उपभोक्ताहरु तथा उपभोक्ता समितिका सदस्यहरुलाई अभिमुखिकरणलाई निरन्तरता दिदा योजनामा दिगोपना हुने ।
- एक गाउँ एक उत्पादनका लागि कुन वडा वा गाउँलाई के उत्पादनमा चिनाउने हो सो समेत तय गरी एक गाउ एक उत्पादनको कार्यक्रममा वढि केन्द्रित हुनु पर्ने । उद्यम विकास योजना निर्माण गर्नु पर्ने ।
- स्थानीय रक्सिलाई ब्राण्डीड गरी वेच्न सकिने ।

- विकास निर्माण योजनाहरु कार्यान्वयन गर्दा अपाङ्गतामैत्री निर्माण गरिनु पर्दछ । नगरपालिकामा मा हुने अन्य विकास निर्माण कार्यलाई पनि अपाङ्गतामैत्री निर्माणका लागि गाउँ पालिकाले बिशेष सचेतीकरण गर्नु पर्दछ । यस सम्वन्धमा नेपाल सरकारले निर्देशिका समेत वनाई लागु गरिसकेको हुँदा यसको पालना गरिनु पर्दछ ।
- वित्तिय जोखिम न्यूनीकरण लगायत विद्युतीय लेखा प्रणालीको कार्यान्वयन तथा अद्यावधिक गर्नु पर्ने
- विकासमा महिला सहभागिता रहेको छ, तर निर्णायक तहमा महिला सहभागिता अत्यन्त कमजोर रहेको छ । निर्णायक तहमा महिला सहभागिता बढाउनका लागि तथ्यांक व्यवस्थित गर्ने र विश्लेषण गरि लगानी प्रवर्द्धन गर्ने तर्फ ध्यान जान जरुरी छ ।
- विपन्न वर्गमा लगानी केन्द्रित गर्नका लागि केही वर्षदेखि विपन्न वर्गको तर्फबाट लाभ हासिल गरिरहेका समुदायको पारिवारिक वा व्यक्तिगत डाटाबेस तयार गरि उक्त स्थानमा लगानी नदोहोरिने वातावरण तयार गर्नुपर्दछ ।
- गाउँ पालिकालाई पूर्ण सरसफाई युक्त गाउँ पालिका घोषणा गर्नु पर्ने ।
- सडकको दुवै तर्फ Multi Purpose/ ornamental plant रोप्नु पर्ने ।
- धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धन गर्नु पर्ने ।
- स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनका लागि समन्वयात्मक र प्रवद्धनात्मक कार्यक्रम संचालन गर्नु पर्ने ।
- बोलपत्र, टेण्डर मार्फत काम गनु पर्ने योजनाको सम्वन्धमा E-Tender को प्रभावकारी देखिएको
- समग्र गाउँ पालिकाको विकासलाई अगाडी बढाउनका लागि गाउँ पालिका स्थित राजनीतिक दल, पेशागत संघ संगठन, गैर सरकारी संघसंस्था, नीजि क्षेत्र आदि समेतको सञ्जाल तयार गरी साझा रणनीति बनाउनु पर्ने ।
- वातावरण मैत्री स्थानीय शासन (EFLG)लाई रणनितिक रुपमा कार्यान्वयन गर्नु पर्ने ।
- सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने
- संयुक्त अनुगमन प्रक्रियालाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्दै यो प्रक्रियालाई अझ विस्तारित बनाउँदै सकभर गाउँ पालिका मा संचालन हुने सबै योजनाको तहसम्म पुग्ने वातावरणबनाउनु पर्दछ ।

- राष्ट्रिय अभियानहरु (पूर्ण खोप सुनिश्चित भएका, पूर्ण साक्षर र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएका, पूर्ण सरसफाई युक्त, प्लाष्टीक झोला मुक्त, घरभित्रको धुवाँ मुक्त लगायत) पूरा भएका गाउँ पालिका घोषणा गर्ने कार्यहरुको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने र सुधारका लागि लगानी बढाउनु पर्ने देखिन्छ ।
- निजी क्षेत्रसँगको साझेदारीमा पनि सार्वजनिक सेवा उपलब्ध गराउने कार्य अगाडी बढाउनु पर्ने
- आन्तरिक आय वृद्धिका लागि अध्ययन गरी राजस्व वृद्धिमा जोड दिनु पर्ने
- गाउँ पालिकाले उद्यम विकास योजना, पर्यटन गुरु योजना, पार्श्व चित्र,  वाल विवाह अन्त्यका लागि स्थानिय रणनिति तयार गरी लागु गर्नु पर्ने
- वडाहरुमा सिफारिस गर्ने प्रक्रियामा सफ्टवेयर प्रयोग गर्नुपर्ने ।
- छाडा कुकर नियन्त्रणका लागि कार्यक्रम सहित सेल्टर हाउसको निर्माण गर्न सकिने ।
- Big school, Lead School, Residencial School को अवधारणा कार्यान्वयन गर्न सकिने ।
- Friday for Future कार्यक्रमलाई निरन्तरता दिन सकिने ।
- सुन्दर मनहरी सफा राखौ कार्यक्रम सहित Zero Waste अवधारणा लागु गर्ने ।
- एक पालिका एक औधोगिक ग्राम स्थापना गर्ने ।
- नमूना कृषि पर्यटन गाउं स्थापना र विकास मा जोड दिने ।
- युवा जनशक्तिलाई आकर्षित गरी स्टार्टअप नवप्रवर्द्धन कार्यक्रमका लागि बिशेष ब्यबस्था गर्ने
- कोशेली घर निर्माण तथा सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने
- रमौली-प्रतापुर क्षेत्रमा पर्यापर्यटनको विकास गर्न जीपहात्ती सफारीकालागि निकुञ्ज क्षेत्रभित्र पर्ने बाटो/स्तरीकरणकोलागि मध्यवर्ति क्षेत्र ब्यबस्थापन समिति लगायत निकायसंग समन्वय सहित पहल गर्ने
- पालिकामा श्रमडेस्कको स्थापना गर्ने
- गाउँपालिकाको छुट्टै लोगो डिजाईनको कार्यक्रम अगाडी सारेको ।

## १४. संचालित योजना तथा कार्यक्रमवाट परेका सकारात्मक सामाजिक प्रभावहरु

- विकास निर्माणमा जनताको वित्तीय तथा श्रम सहभागिताले योजना तथा कार्यक्रममा अपनत्व र दीगो पना हुने ।
- नागरिक बडापत्र, अनुगमन, सार्वजानिक सुनुवाई, गुनासो सुनुवाई आदि जस्ता कार्यको निरन्तरताले जनता प्रति उत्तरदायि भएको महशुस हुने
- वार्षिक आय व्यय प्रकाशन सूचना बोर्ड, पत्र पत्रिका तथा स्थानीय एफ.एम.बाट सार्वजनिक गरिकोले पारदर्शिता हुने ।
- सडक निर्माण तथा सुधारमा भएको विस्तारले यातायातमा सुविधा पुग्नुका साथै बजारीकरण वृद्धि हुने स्थानीय उत्पादनलाई बजार पुर्‍याउन सहज हुने
- शिक्षा, स्वास्थ, सामुदायिक भवन, आदिको लगानीले जनताको सामाजिक विकासमा टेवा पुग्ने विभिन्न किसिमका तालिमले जनताको क्षमता विकास हुने साथै सीपमुलक तालिमले स्वरोजगार हुन गई आयस्तर वृद्धिहुने ।

## १५. संचालित योजना तथा कार्यक्रमवाट पर्न सक्ने नकारात्मक सामाजिक प्रभावहरु

- वसाई सराईमा वृद्धि भइरहेकोले विकास निर्माणमा जनताको सहभागिता कम हुन सक्ने, योजनाको लगानी बढ्ने, दीगोपना हुन नसक्ने
- सडक निर्माणका साथै आय आर्जनका कार्यक्रमहरु व्यवस्थित हुन नसके गाऊको उत्पादन विस्तापित भई परनिर्भरता बढ्न सक्ने आधुनिक र व्यवहारिक शिक्षा प्रदान गर्न नसकिएमा शैक्षिक वेरोजगार बढ्न गई सामाजिकविकृती बढ्न सक्ने
- अव्यवस्थित रुपमा हुने सडक निर्माण एवं विस्तारले भु- क्षय बाढी पहिरो आदि बढ्न सक्ने, वातावरण प्रदुषण हुन सक्ने
- वसाई सराइकै कारण अव्यवस्थित शहरीकरण हुन सक्ने ।
- सुचना संचारको दुरुपयोग हुन सक्ने र सामाजिक विकृति वढ्न सक्ने
- आधुनिक साधनहरुको बढी प्रयोग गर्ने होडले आय भन्दा खर्च बढी हुन सक्ने ।

## १६. गत वर्ष सम्पादीत महत्वपूर्ण कार्यक्रमहरुवाट देखिएका प्रभाव तथा असरहरुः
















विशेषज्ञ स्तरीय
Samsung Quad Camera
Shot with my Galaxy






दिने झोल साबुन तथा
तालिम






REDMI NOTE 5 PRO
MI DUAL CAMERA


मनहरी गाउँपालिकाद्वारा
५०% अनुदानमा वितरण गरिएको
आ.व. २०८०/०८१


"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार, समृद्ध मनहरीको आधार"
मनहरी गाउँपालिका
बागमती प्रदेश
रजैया, मकवानपुर
गाउँसभा, १४ औं अधिवेशन
पहिलो बैठक
२०८० पौष २९ गते
उपाध्यक्ष
अध्यक्ष
सचिव




मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल
आयोजना सुचना पाटी
आयोजनाको नाम: जंगली जनावर भगाउने २ वटा मचान निर्माण
स्थान: मनहरी-६, मकवानपुर
अध्यक्षको नाम: गोपिराम थिङ (९८२१२३३१३१)
जम्मा सदस्य संख्या: ७ , महिला: ३ सहित
आयोजना सम्झौता मिती: २०८०/१२/30
आयोजना सम्पन्न मिती: २०८१/02/30
आयोजनाबाट लाभान्वित जनसंख्या: ५२० जना
बजेट
गाउँपालिका बाट: रु ३,00,000/-
श्रमदान :रू. ५२,४७२/२६
कुल बजेट : रु ३,५२,४७२/२६
मचान निर्माणको लागि आवश्यक काठ
सुनाचुरी साव.उ.स. डिपार्ड सा.व.उ.स. बाट निशुल्क



